# गाउँ विकास समितिहरुको आ.व. २०७१।७२ को
# जिल्लास्तरीय बार्षिक प्रगति समीक्षा  प्रतिवेदन

## १. परिचय

लमजुङ जिल्लामा २ बटा नगरपालिका र ५२ वटा गाउँ विकास समितिहरु रहेका छन् । जनताको सवैभन्दा नजिक रहेर सेवा प्रवाहगर्ने स्थानीय सरकारको रुपमा गाउँ विकास समिति र नगरपालिकाहरु पर्दछन । भौगोलीक विकटतामा रहेका गाविसका जनतालाई  सेवा पुऱ्याउने उद्देश्यले गाँउ विकास समितिहरुमा नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले वार्षिक रुपमा अनुदान रकम पनि उपलब्ध गराउदै आएको छ । यसै गरि गाँउ विकास समितिहरुले  कानुनले ब्यवस्था गरे बमोजिम बिभिन्न प्रकारका कर, शुल्क र दस्तुर बापत आम्दानी गर्ने गरेका छन् । अन्य संघ सस्थाहरुबाट पनि गाविसले आम्दानी गर्न सक्दछन् । यी सबै आय गाँउ परिषद् र  गाविसका अन्य बैठकहरु मार्फत बिभिन्न विकास तथा सञ्चालन खर्चमा रकम विनियोजन गरिन्छ । प्राप्त स्रोतहरुबाट के कस्ता कार्यहरु सम्पन्न हुन सके, के कति उपलब्धीहर हासिल भए ? के कस्ता चुनौति र समस्याहरु भ्mेल्नु पऱ्यो , के कति सिकाई  भए, प्राप्त स्रोतहरुको के कति उच्चतम सदुपयोग हुनगयो  ? दोहोरो पनलाई कतिको व्यवस्थित गरिएको छ भन्ने बिषयमा गाविसहरुमा प्रत्येक गाँउ विकास समितिले अनिवार्य रुपमा बार्षिक समिक्षा गर्नुपर्छ । यसको अलाबा  जिल्लास्तरमा पनि समिक्षा गर्नु अपरिहार्य छ । नगरपालिकाहरुले जिल्ला विकास समितिले जिल्लास्तरमा गर्ने विषयगत कार्यालय र गैर सरकारी संघसंस्थाहरुको समीक्षा गोष्ठीमा प्रस्तुति गर्ने भएकोले गाविसहरुको मात्र समीक्षा गर्ने निर्णय वमोजिम गाविसहरुको समीक्षा गोष्ठीको आयोजना गरिएको थियो । जिल्ला विकास समित लमजुङले मिति २०७२ श्रावण २५ र २६ गतेका दिन जिल्ला स्थित ५२ वटै गाविसहरुको आ.व. २०७१/०७२ को वार्षिक प्रगति समिक्षा गोष्ठि सम्पन्न गरेको सन्दर्भमा गाविसहरुको बार्षिक प्रगति समीक्षा प्रतिवेदन तयार गरिएको छ ।

## २. समीक्षा गोष्ठीको उद्देश्य

गाउँ विकास समितिहरुबाट आर्थिक बर्ष २०७१/०७२ मा भएका कार्यहरुको समीक्षा गर्नु यसको मुख्य उद्देश्य रहेको थियो । त्यसबाहेक निम्न उद्देश्यहरु राखिएको थियो ।

- आ.व.२०७१/०७२ मा सञ्चालन गाउँ विकास समितिले सञ्चालन गरेका योजना, कार्यक्रम तथा बजेटको प्रगती जानकारी गराउने ।
- योजना तथा कार्यक्रमबाट प्राप्त उपलब्धीहरुको लेखाजोखा गर्ने । साथै समस्या, चुनौती तथा समाधानका प्रयासहरु र प्राप्त भएका सिकाईहरुको समीक्षा गर्ने ।
- गाउँ विकास समितिबाट प्रवाह हुने सेवालाई प्रभावकारी बनाउन गरिएका प्रयासहरु, सुशासन कार्यम गर्नको लागि चालिएका कदमहरु तथा मुख्य मुख्य सेवा प्रवाहको संख्यात्मक विवरण प्रस्तुत गर्ने ।
- आगामी दिनमा अभ्m बढी प्रभावकारी तवरले कार्यक्रम सञ्चालन गर्न सुभ्mावहरु संकलन गर्ने साथै प्रभावकारी तवरले कार्यक्रम सम्पन्न गर्ने प्रतिवद्धता लिने ।
- भएका कमीकमजोरीहरु पहिल्याई चालु आर्थिक बर्षमा सुधारहरु गर्न मार्ग निर्देश गर्ने ।

## ३. समीक्षा गोष्ठीको मिति,स्थान र समय :

यस समिक्षा गोष्ठिको अवधि दुई दिनको रहेको थियो समिक्षा गोष्ठि मिति २०७२ श्रावण २५ र २६ गते जिल्ला विकास समितिको सेमिनार हलमा विहान १०.१५ बजेबाट साँझ ६.३० बजेसम्म सञ्चालन गरिएको थियो ।

## ४. सहभागिता

उक्त समिक्षा गोष्ठिमा हाल कायम रहेका ५१ गाविसका ४३ जना सचिवहरुको उपस्थिति रहेको थियो । त्यसमध्ये ३ जना महिला र १ जना दलित रहेका थिए । सिम्पानी गाविस सचिवको मात्र उपस्थिति थिएन । साथै जिल्ला विकास समितिका स्थानीय विकास अधिकारी श्री बिष्णुप्रसाद शर्मा प्रमुख जिल्ला अधिकारी श्री श्रवणकुमार तिमलसेना, जिल्ला स्थित राजनैतिक दलका एक/एक जना प्रतिनिधि ,जिल्ला प्रविधिक कार्यालयका सि.डि.इ. श्री खगेन्द्र दाहाल,योजना अनुगमन तथा प्रशासन अधिकृत श्री खिम बहादुर वि.क. ,कार्यक्रम अधिकृत मेघेन्द्र पोखरेल, ,जिल्ला शासन विज्ञ श्री लोमस अधिकारी पत्रकार लगायत जिल्ला विकास समितिका कर्मचारीहरुको उपस्थिति रहेको थियो । यसरी गोष्ठीमा जम्मा ५६ जनाको उपस्थिति रहेको थियो ।

## ५. गोष्ठी सञ्चालन र व्यवस्थापन

१. गाविसहरुको वार्षिक प्रगति समिक्षा गोष्ठी स्थानीय विकास अधिकारी श्री बिष्णुप्रसाद शर्माको अक्ष्यक्षतामा संचालन गरिएको थियो । कार्यक्रमको शुरुवातमा नै स्थानीय विकास अधिकारीले गोष्ठीको उद्देश्य तथा दुई दिनसम्म गरिने कार्यहरु पुरा गर्नु पर्ने जिम्मेवारी बारे प्रकाश पार्नु भएको थियो ।
२. कार्यक्रमको सहजीकरण जिल्ला विकास समितिका योजना अधिकृत तथा प्रशासन अधिकृत श्री खिम बहादुर वि.क.ले गर्नु भएको थियो ।
३. गाँउ विकास समितिहरुको तथ्यांक प्रविष्टी र प्रशोधन र विश्लेषण गर्ने कार्य कार्यक्रम अधिकृत मेघेन्द्र पोखरेल र लेखा अधिक्षक सूयमान श्रेष्ठले गर्नु भएको थियो ।
४. ल्यापटप प्रोजक्टर सहजीकरण गर्ने कार्य जिल्ला शासन विज्ञ लोमश अधिकारीले गर्नु भएको थियो । प्रत्येक गाविसको प्रस्तुतिकरणलाई १० मिनेट समय र्निधरण गरिएको थियो प्रस्तुतिकरण पश्चात् जिज्ञासा र सुझावको लागि छलफल गर्न ५ मिनेट समया निर्धारण गरिएको गियो ।
५. गोष्ठीमा सवै गाविसका सचिवहरुले जिल्ला विकास समितिले उपलब्ध गराएको फर्मेटमा विवरण तयार गरेर विवरण बुझाएका थिए । त्यही विवरण मल्टिमिडियामार्फत क्रमशः प्रस्तुत गरेका थिए । सचिवहरुले प्रस्तुतीकरण गर्ने सन्दर्भमा गाविसको कुल आय व्यय, आन्तरिक आय व्यय, योजनगत विनियोजन र खर्च विवरण, क्षेत्रगत खर्च विवरण, सामाजिक सुरक्षा रकम, पञ्जिकरण, पेश्की बेरुजुको अवस्था तथा प्रमुख उपलब्धीहरु, उल्लेख्य कार्यहरु, समस्या तथा चुनौतीहरु र जिविससंगको अपेक्षा आदि बारेमा प्रस्तुत गरेका थिए । प्रस्तुतीकरण पश्चात आवश्यक छलफल समेत गरिएको थियो । प्रस्तुती रम्घा गाविसबाट शुरु भई चक्रतीर्थ गाविसबाट अन्त गरिउएको थियो ।

६. गाविसहरुको प्रस्तुती पछि सवै विवरणहरु कम्पाइल गरी एकिकृत तथ्यांक तथा विश्लेषण गरिएको थियो ।

७. तत् पश्चात गाविस सचिवहरुलाई दुई समुहमा विभाजन गरी समुह कार्य गरिएको थियो । आगामी दिनमा लक्षित वर्गको कार्यक्रम तथा अन्य कार्यक्रमलाई कसरी प्रभावकारी बनाउन सकिन्छ ? आन्तरिक आय कसरी बृद्धि गर्न सकिन्छ ? समन्वयलाई कसरी व्यवस्थित बनाउन सकिन्छ भन्ने बारेमा समुह कार्य मार्फत समस्या तथा सामाधानका उपाय खोजिएको थियो । साथै गोष्ठीका निचोडहरु प्रस्तुत गरिएको थियो ।
८. गोष्ठीमा आवश्यक मात्रामा पानी खाजा तथा चियाको प्रवन्ध मिलाइएको थियो । कार्य विभाजन वमोजिम जिविसका कर्मचारी तथा कार्यालय सहयोगीहरुले आवश्यक सहयोग पुऱ्याएका थिए ।

## ६. समापन

समिक्षा गोष्ठिको अन्तमा समापन कार्यक्रमको समेत आयोजना गरिएको थियो । गाविस सचिवहरुको तर्फबाट गाविस सचिव पुस्तकराज न्यौपानेले समापन मन्तव्य राख्नु भएको थियो । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी श्री श्रवण कुमार तिमिल्सिनाले भूकम्प पछिको विपदमा खटेका गाविस सचिवहरुलाई धन्यवाद दिंदै जनताको नजिकमा रहेर सेवा पुऱ्याउने कर्मचारी हुनुको नाताले कर्तव्यनिष्ट र इमान्दार भएर कार्यक्षेत्रमा डटेर लाग्न निर्देशन दिनुभयो । कार्यक्रमको अत्यमा स्थानीय विकास अधिकारी श्री बिष्णुप्रसाद शर्माले यस समिक्षा बाट आएका राम्रा कुराहरुलाई निरन्तरता दिन र कमी कमजोरीहरुलाई सुधार गर्न निर्देशन दिनुभयो । गाविस सचिवहरुको सुरक्षा लगायतका अन्य समस्या आफ्नो पनि समस्या हो भन्दै इमान्दारीपूर्वक काम गर्ने सचिवहरुको सुरक्षा लगायतको जिम्मा आफूले लिने बताउनु भयो । समापन कार्यक्रममा स्थानीय विकास अधिकारी शर्माले सम्वन्धित गाविसमै रहेर सेवा प्रवाह गर्ने कुरामा संभ्रौता नहुने बताउनु भयो । समापन मन्तव्य पश्चात स्थानीय विकास अधिकारीबाट दुई दिने समीक्षा गोष्ठीको समापनको घोणणा भएको थियो ।

***समाप्त***

**निर्णयहरुः**

**निर्णय नं १ :**

गाविसहरुले समीक्षा बैठकमा प्रस्तुत गरे वमोजिमका प्रगतिको आधारमा गाविसहरुका आ. व. ०७१।७२ को समष्टिगत प्रगति विवरण निम्नानुसार भएको निर्णय गरियो ।

| क. सं. | विवरण | जम्मा | प्रतिशत | औषत प्रति गाविस | कैफियत |
|---|---|---|---|---|---|
| **१** | **आन्तरिक आय विववरण** | | | | |
| १.१ | **अ.ल्या.** | ६५७०६७१.९३ | ७०.४० | १२६३५९.०८ | |
| १.२ | सिफारिश पञ्जिकरण | १३८७८९०.४० | ५०.२४ | २६६९०.२० | |
| १.३ | मालपोत | ९५१९५५.६५ | ३४.४६ | १८३०६.८४ | |
| १.४ | व्यवसायकर | १०५७११.०० | ३.८३ | २०३२.९० | |
| १.५ | सवारीकर | ४८००.०० | ०.१७ | ९२.३१ | |
| १.६ | घरधुरीकर | २१०४९४.२९ | ७.६२ | ४०४७.९७ | |
| १.७ | विविध | १०१७१०.७३ | ३.६८ | १९५५.९८ | |
| | **गत वर्षको जिम्मेवारी वाहेक जम्मा आय** | **२७६२५६२.०७** | **१००** | **५३१२६** | |
| | **कुल जम्मा** | **९३३३२३४.००** | | **१७९४८५.२७** | |
| **२** | **आन्तरिक आयको खर्च विवरण** | | | | |
| २.१ | चालु | १२६१२७२ | १३.५१ | २४२५५.२२ | |
| २.२ | पूँजीगत | ५२८६१७१ | ५६.६४ | १०१६५७.१ | |
| २.३ | मौज्दात | २७८५७९२ | २९.८५ | ५३५७२.९२ | |
| | **जम्मा** | **९३३३२३४** | **१००.००** | **१७९४८५.२७** | |
| **३** | **गाविसको कुल आय विवरण** | | | | |
| ३.१ | गाविस अनुदान (चालु) | २२१३१८४० | ९.५२ | ४२५६१२ | |
| ३.२ | गाविस अनुदान (पूँजीगत) | ६२४८५४०२ | २६.८८ | १२०१६४२ | |
| ३.३ | सामाजिक सुरक्षा | १०४६१६८०० | ४५.०१ | २०११८६२ | |
| ३.४ | स्था.सा.सा.वि.कार्यक्रम | ११९५८६४१ | ५.१५ | | |
| ३.५ | राजश्व बाँडफाँड | ९१४६३७ | ०.३९ | १७५८९ | |
| ३.७ | आन्तरिक श्रोत | ९३३३२३४ | ४.०२ | १७९४८५ | |
| ३.८ | अन्य | २०९८७६२० | ९.०३ | ४०३६०८ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | **जम्मा** | २३२४२८१७४ | १००.०० | ४२३९७९९ | |
| **४** | **गाविसको कुल व्यय विवरण** | | | | |
| ४.१ | गाविस अनुदान (चालु) | २२०५३९०६ | १०.२४ | ४२४११४ | |
| ४.२ | गाविस अनुदान (पूँजीगत) | ६१६९१९३१ | २८.६५ | ११८६३८३ | |
| ४.३ | सामाजिक सुरक्षा | ९९२२६६०० | ४६.०८ | १९०८२०४ | |
| ४.४ | स्था.सा.सा.वि.कार्यक्रम | ५३७३६४१ | २.५० | १०३३३९ | |
| ४.५ | राजश्व बाँडफाँड | ७४०९६२ | ०.३४ | १४२४९ | |
| ४.६ | आन्तरिक श्रोत | ६५४७४४२ | ३.०४ | १२५९१२ | |
| ४.७ | अन्य | १९६८२९१३ | ९.१४ | ३७८५१८ | |
| | **जम्मा** | **२१५३१७३९५** | **१००** | **४१४०७१९** | |
| **५** | **लक्षित योजना विवरण** | | | | |
| | **क्षेत्र** | **संख्या** | **रकम** | **प्रतिशत** | **औषत प्रति गाविस** |
| ५.१ | यातायात | | ३८६५१५ | १.८० | ७४३३ |
| ५.२ | खानेपानी तथा सरसफाई | | १७७९७०० | ८.३० | ३४२२५ |
| ५.३ | कृषि,पशु वन भू संरक्षण | | १००४६७८ | ४.६८ | १९३२१ |
| ५.४ | उर्जा ( विद्युतीकरण, वैकल्पिक उर्जा) | | ६९८१५१ | ३.२६ | १३४२६ |
| ५.५ | सिंचाई | | ८२४३ | ०.०४ | १५९ |
| ५.६ | शिक्षा | | ४१४७१९० | १९.३४ | ७९७५४ |
| ५.७ | स्वास्थ्य | | १७८१९८७ | ८.३१ | ३४२६९ |
| ५.८ | सामुदायिक भवन | | ३५९४६९० | १६.७६ | ६९१२९ |
| ५.९ | आय आर्जन र सीप विकास कार्यक्रम | | ४४६६९०८ | २०.८३ | ८५९०२ |
| ५.१० | क्षमता विकास | | १५२२१४५ | ७.१० | २९२७२ |
| ५.११ | खेलकुंद तथा विविध | | २०५६१०० | ९.५९ | ३९५४० |
| | **जम्मा** | **५६१** | **२१४४६३०७** | **१००** | **४१२४२९** |
| **६** | **लक्षित वाहेकका योजना तथा कार्यक्रमको क्षेत्रगत संख्या र रकम विवरण** | | | | |
| ६.१ | यातायात | १४७ | १३४०११०१ | ३१.०८ | २५७७१३ |
| ६.२ | खानेपानी तथा सरसफाई | ५७ | २७४६७४९ | ६.३७ | ५२८२२.१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६.३ | कृषि,पशु वन भू संरक्षण | ७३ | ३७०५१४२ | ८.५९ | ७१२५२.७ |
| ६.४ | उर्जा ( विद्युतीकरण, वैकल्पिक उर्जा) | २९ | ५५०५१७५ | १२.७७ | १०५८६९ |
| ६.५ | सिंचाई | ३२ | १२०६२८५ | २.८० | २३१९७.८ |
| ६.६ | शिक्षा | ६९ | ५२३६२८२ | १२.१४ | १००६९८ |
| ६.७ | स्वास्थ्य | २७ | १६०९७२४ | ३.७३ | ३०९५६.२ |
| ६.८ | सामुदायिक भवन | ५० | ३०७५६१८ | ७.१३ | ५९१४६.५ |
| ६.९ | आय आर्जन र सीप विकास कार्यक्रम | ११ | १२१२७९२ | २.८१ | २३३२२.९ |
| ६.१० | क्षमता विकास | ७ | ३५५७५१.०० | ०.८२ | ६८४१.३७ |
| ६.११ | खेलकुँद तथा विविध | १४१ | ५०६८८२४ | ११.७५ | ९७४७७.४ |
| | **जम्मा** | **६४३** | **४३१२३४४३** | **१००.००** | **८२९२९७** |
| **७** | **कुल क्षेत्रगत योजनाहरुको विवरण (लक्षित समेत)** | | | | |
| ६.१ | यातायात | | १३७८७६१६ | २१.३५ | २६५१४६ |
| ६.२ | खानेपानी तथा सरसफाई | | ४५२६४४९ | ७.०१ | ८७०४७.१ |
| ६.३ | कृषि,पशु वन भू संरक्षण | | ४७०९८२० | ७.२९ | ९०५७३.५ |
| ६.४ | उर्जा ( विद्युतीकरण, वैकल्पिक उर्जा) | | ६२०३३२६ | ९.६१ | ११९२९५ |
| ६.५ | सिंचाई | | १२१४५२८ | १.८८ | २३३५६.३ |
| ६.६ | शिक्षा | | ९३८३४७२ | १४.५३ | १८०४५१ |
| ६.७ | स्वास्थ्य | | ३३९१७११ | ५.२५ | ६५२२५.२ |
| ६.८ | सामुदायिक भवन | | ६६७०३०८ | १०.३३ | १२८२७५ |
| ६.९ | आय आर्जन र सीप विकास कार्यक्रम | | ५६७९७०० | ८.८० | १०९२२५ |
| ६.१० | क्षमता विकास | | १८७७८९६ | २.९१ | ३६११३.४ |
| ६.११ | खेलकुँद तथा विविध | | ७१२४९२४ | ११.०३ | १३७०१८ |
| | **जम्मा** | | **६४५६९७५०** | **१००.००** | **१२४१७२६** |
| **८** | **पेश्की तथा बेरुजु विवरण** | | | | |
| ८.१ | गत आ.व. सम्मको कुल पेश्की बेरुजु | | ९८३४६९५ | | |
| ८.२ | यस आ.व.मा फस्र्यौट भएको पेश्की बेरुजु | | २७७८६०४ | | |
| ८.३ | गत आव सम्मको बाँकी पेश्की बेरुजु | | ७०५६०९१ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८.४ | यस आवको पेश्की बाँकी | | १६२००० | | |
| | **जम्मा** | | ७२१८०९१ | | |
| ९ | **घटना दर्ता (२०७१ बैशाख २०७१ चैत मसान्तसम्मको) विवरण** | | | | |
| | **विवरण** | **महिला** | **पुरुष** | **जम्मा** | |
| ५.१ | जन्म | ३२०४ | ३३५८ | ६५६२ | |
| ५.२ | मृत्यु | ४२५ | ५७८ | १००३ | |
| ५.३ | विवाह | १६६५ | | | |
| ५.४ | सम्वन्ध विच्छेद | २८ | | | |
| ५.५ | बसाइँ सराई सम्बन्धी विवरण | | | | |
| | दर्ता संख्या | ४२५ | | | |
| | आएको व्यक्ति संख्या | ३७० | | | |
| | गएको व्यक्ति संख्या | १०९२ | | | |
| | | | | | |
| १० | **प्रमुख उपलब्धीहरु** | | | | |
| | **विवरण** | **ईकाई** | **परिमाण** | | |
| १ | सडक ट्रयाक खोल्ने कार्य | कि.मि. | २५.९१ | | |
| २ | सडक ग्राभेल | कि.मि. | ४.२० | | |
| ३ | सडक मर्मत तथा स्तरोन्नती | कि.मि. | १२४.८४ | | |
| ४ | खानेपानी धारा संख्या | गोटा | १७३ | | |
| ५ | विद्युत पोल संख्या | गोटा | २१५ | | |
| ६ | विद्युत तार | मिटर | १०.४ | | |
| ७ | सिंचाई | हेक्टर | ५४ | | |
| ८ | भवन कोठा | संख्या | ५१ | | |

**निर्णय नं २ :**

समग्रमा गाविसहरुको प्रगति सन्तोषजनक देखिएको छ । गाविसहरुको प्रगति विवरणको विश्लेषणात्मक विवरण तथा उल्लेखनीय कार्यहरु, समस्या तथा चुनौतीहरु र जिविससंग राखेका अपेक्षाहरु अनुसूची ४ वमोजिम रहेको निर्णय गरियो ।

**निर्णय नं ३ :**

गाविसहरुको आन्तरिक आय गत वर्षको तुलनामा बृद्धि भएको देखियो तथापि कतिपय गाविसहरुले आन्तरिक आय बढाउन सकेको देखिएन । अझै पनि कतिपय गा.वि.सले परिषदबाट दररेट पुनरावलोकन कार्य नगरेको र

पुनरावलोकन भएकोमा पनि दररेट न्यून रहेको देखिएकोले प्रचलित कानुन बमोजिम परिचालन गर्न सकिने आन्तरिक स्रोत परिचालनमा अधिकतम प्रयत्न गर्ने ।

**निर्णय नं ४ :**

आन्तरिक स्रोतबाट प्राप्त आम्दानीबाट प्रशासनिक कार्यमा मात्र खर्च गरेको देखिएमा आम जनताको कर तिर्ने प्रवृत्तिमा नकरात्मक प्रभाव पर्ने हुँदा यस्तो रकमलाई प्रभावकारिता देखिने पूँजीगत योजना/ कार्यक्रम तर्फ समेत लगानी गर्ने व्यवस्था मिलाउने ।

**निर्णय नं ५ :**

योजना तथा कार्यक्रमहरुको बजेटबाट के के काम गरियो ? उक्त कार्यबाट कुन वर्ग कति जना लाभन्वित भए भन्नेतर्फ कतिपय गाविस सचिवहरुबाट अनविज्ञता राखेको समेत पाइएको हुँदा योजना फरफारक गर्नु अगावै यी विषयहरु सुनिश्चित गर्ने । यसको लागि अनुगमन कार्यलाई समेत प्रभावकारी बनाउने ।

**निर्णय नं ६ :**

गाविस सचिव र स्थानीय विकास अधिकारी विच भएको कार्य सम्मादन सम्झौतामा उल्लेख भएका सूचकहरु पुरा हुने तवरले गाउँ विकास समितिको कार्य सम्पादन गर्ने तथा सो पुरा भए नभएको स्वमूल्यांकन समेत गरी आगामी गाविस सचिवको बैठकहरुमा समीक्षा गर्दै जाने ।

**निर्णय नं ७ :**

गत गाउँ परिषदबाट छनौट भएका योजना तथा कार्यक्रमहरु परिमार्जन गर्नु पर्ने भए परिमार्जन गरी समयमै योजना कार्यान्वयनको व्यवस्था मिलाउने र समयमै सम्पन्न गराउने तर्फ विशेष ध्यान दिने ।

**निर्णय नं ८ :**

योजना कार्यान्वयन गर्ने सन्दर्भमा उपभोक्ता समितिहरुमा सुशासन कायम गर्ने गराउनेतर्फ विशेष पहल गर्ने र वडा नागरिक मञ्चहरुलाई योजना तर्जुमा, सार्वजनिक परीक्षण तथा योजना अनुगमनतर्फ प्रभाकारी रुपमा परिचालन गर्ने ।

**निर्णय नं ९ :**

लक्षित वर्गतर्फको कार्यक्रममध्ये बालबालिकाको लक्षित रकम अधिकांश गाविसहरुले विद्यालयहरुको स्टेशनरी कार्यमा ठूला पूर्वाधारमा खर्च गरेको पाइयो । यसले एकातिर दोहोरोपना भई दूरुपयोग हुन सक्ने र अर्कोतर्फ विपन्न बालबालिकाको हीतमा प्रयोग भएको सुनिश्चितता समेत नहुने हुँदा बालबालिका लक्षित रकमले बालमैत्री स्थानीय शासनका सूचकहरु पुरा गर्ने तथा बालबालिकाका अभिभावक र परिवारहरुलाई समेत सहयोग पुगी बालबालिका प्रत्यक्ष लाभान्वित हुने खालका कार्यक्रम छनौट गर्नेतर्फ विशेष ध्यान दिने ।

**निर्णय नं १० :**

महिला लक्षित पूँजीगत बजेटबाट पनि स्वास्थ्य क्षेत्रको चालु प्रकृतिको जस्तो देखिने महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन भत्तामा खर्च गरेको पाइएको छ । यसतर्फ विशेष ध्यान दिई पूँजीगत प्रकृतिको योजना तथा कार्यक्रममा खर्च गर्ने व्यवस्था मिलाउने ।

**निर्णय नं ११ :**

देखिएका कमी कमजोरीहरुलाई आगामी दिनमा सुधार गर्दै लैजाने, गाविस सचिवहरु सम्वन्धित गाविसमै रहेर सेवा प्रवाह गर्ने साथै गाविस सचिवहरुबाट जिविससंग राखेका अपेक्षाहरु पुरा गर्नेतर्फ जिविसले विशेष पहल गर्ने निर्णय गरियो ।